**कोरोना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । वैशाख १४ गते**
दाङमा वैशाख १३ गते देखि कोरोना भाइरसको पिसीआर विधिबाट परीक्षण सुरू गरिएको छ । बर्दिया जिल्लाको राजापुर नपा-१० स्थित कोठियाघाटमा सञ्चालित ऋसरमा उद्योगमा काम गर्ने दुई जना भारतीय नागरिकमा घर फर्के पछि कोरोना भाइरस परीक्षण पोजेटिभ देखिएपछि कोठियाघाट क्षेत्र चारैतीरबाट लक गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।
पाल्पामा माथागढी र निस्दी गाउँपालिकाले लकडाउनबाट प्रभावित दीर्घरोगीहरूलाई निशुल्क रुपमा औषधि वितरण सुरू गरेका छन् । आफ्नो स्थानीय तह भित्रका सबै दीर्घ रोगीहरूको तथ्याङ्क सङ्कलन गरि उनीहरूलाई एक महिनाको लागि निशुल्क औषधि उपलब्ध गराएको छ ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चोधरी** का अनुसार राजापुर नपा-१० स्थित कोठियाघाटमा सञ्चालित ऋसरमा उद्योगमा काम गर्ने दुई जना भारतीय नागरिकमा कोरोना भाइरस पोजेटिभ देखिएपछि कोठियाघाट क्षेत्र चारैतीरबाट लक गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।
नेपाली उद्योगमा काम गर्ने भारतीय नागरिकहरू लकडाउनका अवस्थामा केही दिनअघि भारत स्थित आफ्नो गएका थिए । भारतमा उनीहरूको परीक्षण गर्दा कोरोना पोजिटिभ भेटिएको भारतीय प्रहरी बाटबाट प्राप्त पत्रमा उल्लेख गरिएको छ ।
उद्योगमा कार्यरत दुई जनाको वैशाख १२ गते स्वाव परीक्षण नेगेटिभ देखिएको छ । वैशाख १४ गते थप पाँच जनाको नमूना परीक्षणका लागि भेरी अस्पताल नेपालगञ्ज पपुऱ्याइएको राजापुर नगर पालिका स्वास्थ्य शाखा प्रमुख गणेश अर्यालले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार पछिल्लो समय जिल्ला बाहिरबाट आउने मानिसको सङ्ख्या बढ्न थालेपछिस्थानीय तहहरूले होम क्वारेण्टाइन मार्फत व्यवस्थापन गर्न थालेका छन् । काठमाण्डौ तथा वुटवलबाट अलपत्र परेका व्यक्तिहरू मन्त्री तथा सांसदहरूलेनै गाडी रिर्जव गरेर पठाउन थालेपछि उनीहरूलाई होम क्वारेण्टाइनमै व्यस्थापन गर्न थालिएको गाँउपालिकाले जनाउको छ । स्थानीय तहले बनाएका क्वारेण्टाइनको क्षमता भन्दा बाहिरबाट आउनेको सङ्ख्या बढि भएकाले होम क्वारेण्टाइनमा राख्न थालिएको हो ।
सम्बन्धित वडा कार्यालयमा कागज गराएर १४ दिनसम्म होम क्वारेण्टाइनमा बस्ने शर्त गराए पठाइएको छ ।
जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले अलपत्र र अत्यावश्यक काम परेर जिल्ला आउनेलाई क्वारेण्टाइनमा राख्ने निर्णय गरे पनि पहुँचको आधारमा मानिसहरू आउन थालेपछि स्थानीय तहलाई नै समन्वयको जिम्मा दिएको प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले बताउनु भयो ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लाका दुई वटा स्थानीय तहहरूले लकडाउनबाट प्रभावित दीर्घरोगीहरूलाई निशुल्क रुपमा औषधि वितरण सुरू गरेका छन् । माथागढी र निस्दी गाउँपालिकाले आफ्नो स्थानीय तह भित्रका सबै दीर्घ रोगीहरूको तथ्याङ्क सङ्कलन गरि एक महिनाको लागि निशुल्क औषधि उपलब्ध गराएको माथागढी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार थापाले बताउनु भयो ।
यसैगरी स्थानीय तहहरूले आफ्ना मातहतका वडाका बिदेशमा रहेका र फर्कन चाहनेहरुको तथ्याङ्क सङ्कलन गर्न थालेका छन् । अवस्था समान्य भएपछि उनीहरूलाई आवश्यक पर्ने क्वारेण्टाइन तथा अन्य व्यवस्थापनक तयारीका लागि पनि सहयोग हाुस् भन्ने उद्देश्यले तथ्याङ्क सङ्कलन गरिएको

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भगवानभक्त अर्यालले बताउनु भयो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली** का अनुसार विश्व व्यापी महामारीको रुपमा फैलिरहेको कारोना भाइरस सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै जारी गरिएको लकडाउनको उल्लङ्घन गर्दै मादक पदार्थ सेवन गरी सवारी साधन चलाएको आरोपमा प्रहरीले बर्दघाट नपा- ५ का ५० वर्षीय बुद्धिबहादुर सुनार र २६ वर्षीय लोकबहादुर सुनारलाई गिरफ्तार गरेको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार बाणगङ्गा नपाको कृषि विकास शाखाले व्यवसायीक रुपमा तरकारी खेतीमा लागेका नगर भित्रका बिभिन्न कृषि फर्मका आठ जनालाई परिचय पत्र उपलब्ध गराइएको प्रमुख प्रशासकीय अधिकृत चुरामणी पन्थीले बताउनु भयो । लकडाउनको अवधिमा नगर भित्र तरकारी जन्य समानको ओसार पसारमा समस्या नहोस भनेर किसान, समूह, फर्म तथा कृषि सहकारीका सदस्यलाई परिचय पत्र उपलब्ध गरिएको कृषि विकास शाखाका प्रमुख लेषवहादुर केसीले वताउनु भयो ।
तरुण दल र नेविसंघ क्षेत्र नम्बर १ का बाणगङ्गा नपा - ३ र ४ मा भाडामा बस्दै आएका बिधार्थी तथा अति बिपन्न परिवारलाई खाद्यान्न वितरण गर्नुको साथै गर्मी याममा लामखुट्टेको उच्च जोखिम हुने भएकाले झुल समेत वितरण गरेको छ ।
यसैगरी कोरोना भाइरसको सङ्क्रमण फैलिन सक्ने भन्दै बाणगङ्गा नपामा कुखुरा तथा अण्डामा रोक लगाउन अण्डा उत्पादक किसान संघले माग गरेको संघका अध्यक्ष आत्माराम बेल्बासेले बताउनु भयो । यस अघि नगरपालिकामा बाहिरबाट आउने तरकारी र फलफुलमा रोक लगाएको थियो ।
शिवराज नपाले सुनौली नाकामा अलपत्र परेका आठ जना नेपालीहरूको उद्धार गरेको क्वारेण्टाइनमा राखिएको मेयर नेत्र प्रसाद अधिकारीले बताउनु भयो ।
यसैगरी भारतको क्वारेण्टाइनमा रहेका ३५ जना नेपालीहरूलाई दाङ नेपाल ल्याएर कृष्णनगरको क्वारेण्टाइनमा राखिएको छ । बाहिरी जिल्लाका व्यक्तिहरूलाई व्यवस्थापन गरी आफ्नो जिल्ला पठाइने प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार वैशाख १३ गते देखि कोरोना भाइरसको पिसीआर विधिबाट परीक्षण सुरू भएको उपकुलपति प्राडा संगीता भण्डारीले बताउनु भयो । जिल्लाबाटै पिसीआर विधि मार्फत परीक्षण सुरू भए पछि उहाँकाअनु शङ्काष्पद व्यक्तिको स्वावको परीक्षण सहज भएको छ ।
यसैवीच जिल्लाका स्थानीय तहहरुले कोरोना सङ्क्रमण रोक्न थालेका प्रयास र राहत वितरण तथा क्वारेण्टाइनको अवस्थाका विषयमा जिल्ला समन्वय समितिले वैशाख १४ गतेदेखि अनुगमन सुरू गरेको छ । जिसस प्रमुख जितेन्द्रमान नेपाली, प्रदेशसभा सदस्यहरू दामा शर्मा, धमकली चौधरी, इन्सेक जिल्ला प्रतिनिधि जे.एन.सागर सहितको सर्वपक्षीय टोलीले जिल्लाको बबई गाउँपालिका र राप्ती गाउँपालिकाको स्थलगत अनुगमन गरेका अनुगमन गरेको छ ।
अनुगमनका क्रममा उक्त गाउँपालिकामा निर्माण गरिएका क्वारेण्टाइन मापदण्ड अनुसारका नभएको , बबई गाउँपालिकामा ३० बेड भनिए पनि पाँच जनाको एउटा परिवारलाई भुइमै राखेको पाइयो । यसैगरी क्वारेण्टाइमा दूरी कायम गर्ने, शौचालय र समग्र क्वारेण्टाइनको सरसफाईमा ध्यान नदिएको पाइयो ।
अनुगमन टोलीले क्वारेण्टाइन उचित व्यवस्था गर्न तथा सरसफाई र स्वस्थ खानपिनको व्यवस्था गर्न स्थानीय तहका प्रमुखहरूलाई सुझाव दिएको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**